नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)

पो.व.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :- ०८३।८४
चलानी नं. :- ५८

मितिः २०८३/०४/२९
ने.सं. ११४६

श्री रेड कार्यन्वयन केन्द्र,
बबरमहल, काठमाण्डौं ।

*विषयः कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा।*

प्रस्तुत विषयमा तहाँ केन्द्रको चालु आर्थिक वर्ष २०८३/८४ को "कार्यक्रम कार्यान्वयन कार्यविधि, आर्थिक वर्ष २०८३/८४" स्वीकृतिका लागि पेश भएको सम्बन्धमा, तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँड योजना कार्यान्वयन कार्यविधि, २०८३; वन विकास कोष संचालन निर्देशिका, २०८२; राष्ट्रिय रेडप्लस समन्वय समितिको मिति २०८३/०१/१५ को निर्णय र साविक वन तथा वातवरण मन्त्रालय मा. मन्त्रीस्तरको मिति २०८२/१२/०३ को वृक्षारोपण अनुदान निर्देशिका (संशोधित) बमोजिम कार्यक्रम कार्यान्वयन गर्न अर्थ मन्त्रालयबाट जारी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, बजेटको उद्देश्य प्राप्तिका लागि उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै सार्वजनिक खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्ने तथा समग्र वित्तीय अनुशासन सुनिश्चित गर्ने गरी विनियोजन ऐन, २०८३; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७; सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०८२; लेखापरिक्षण ऐन, २०७५; भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७४; एवं सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धमा जारी प्रचलित ऐन, नियम, कार्यविधि तथा मापदण्ड एवं कार्य सञ्चालन निर्देशिका, २०८१ को पूर्ण पालना गर्दै, अनुदानको हकमा पारदर्शिता प्रवर्द्धन गर्दै, प्रभावकारी, सदुपयोग र जिम्मेवार रहि, स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेटको सीमाभित्र रही नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने शर्तमा, यस मन्त्रालयको मिति २०८३/०४/२९ को सचिवस्तरीय निर्णयबाट स्वीकृत भएको व्यहोरा जानकारी गराइन्छ।

साथै, आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन बमोजिम स्वीकृत कार्यविधि सात दिनभित्र कार्यलयको वेबसाइटमा प्रकाशन गरी सोको जानकारी यस मन्त्रालयमा उपलब्ध गराउनुहुन समेत अनुरोध छ।

स्मृति रश्मी
भू-संरक्षण अधिकृत

# वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम तथा संघीय सशर्त अनुदान तर्फको

# कार्यक्रम कार्यान्वयन कार्यविधि

## आर्थिक वर्ष २०८३/०८४

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

## रेड कार्यान्वयन केन्द्र

बबरमहल, काठमाण्डौ

२०८३

## १. प्रारम्भिक

### १.१ पृष्ठभूमि

बागमती पश्चिम तर्फ रौतहट देखि कञ्चनपुर जिल्लाको नेपाल-भारत सिमासम्म तराई भू-परिधि क्षेत्रका रौतहट, वारा, पर्सा, चितवन, नवलपरासी (व.सुपू.), नवलपरासी (व.सु.प), रूपन्देही, कपिलवस्तु, दाङ, बाँकि, वर्दिया, कैलाली र कञ्चनपुर गरी १३ जिल्लामा सन २०१८ देखि दिगो वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनमा छ । विश्व बैङ्कको वन कार्वन साझेदारी सुविधा (Forest Carbon Partnership Facility-FCPF) अन्तरगतको कार्वन कोषबाट Performance-based भुक्तानी प्राप्त गर्ने उद्देश्य सहित वन क्षेत्रको विनाश तथा क्षयीकरण नियन्त्रण, दिगो वन व्यवस्थापन र वन पैदावारको सतत् आपूर्ति, जैविक विविधता संरक्षण तथा कार्वन संचिती वढाई वनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन भएको हो । तराई भू-परिधि क्षेत्रमा हासिल भएको उत्सर्जन न्यूनीकरण वापत FCPF मार्फत भुक्तानी प्राप्त गर्न नेपाल सरकार र विश्व बैङ्कबीच सम्पन्न सम्झौता अनुरूपको प्रथम किस्ता वन विकास कोषमा प्राप्त भैसकेको छ।

उत्सर्जन न्यूनीकरण वापत कोषमा प्राप्त लाभको बाँडफाँट गर्दा कार्वन व्यापार सम्वन्धी प्रचलित कानुन बमोजिम वा नेपाल सरकारले द्विपक्षीय सम्झौता गरी सोही वमोजिम तयार गरिएको लाभ बाँडफाँट योजना बमोजिम रेड कार्यान्वयन केन्द्रले गर्ने विषय वन विकास कोष सञ्चालन निर्देशिका, २०८३ को दफा १९ व्यवस्था गरिएकोछ । तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण वापत प्राप्त लाभको बाँडफाँट योजना विश्वबैङ्कको समेत सहमतिमा नेपाल सरकारवाट स्वीकृत भैसकेको छ । लाभ बाँडफाँट योजना कार्यान्वयनको लागि कार्यान्वयन कार्यविधि समेत नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत भएको छ । रेड कार्यान्वयन केन्द्रवाट कोषमा जम्मा भएको रकमवाट सञ्चालन हुने गरी आर्थिक वर्ष २०८३/०८४ को लागि बजेट उपशीर्षक नं. ३१२००१२८ मा "वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम" प्रस्ताव गरी संघीय तथा प्रदेशका मन्त्रालयगत वजेट सूचना प्रणालीमा आइसकेको अवस्था छ । वन विकास कोष अन्तरगतका स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी कार्यक्रम प्रस्ताव गर्ने निकायको हुने (नेपाल सरकार, २०८२) व्यवस्था अनुसार रेड कार्यान्वयन केन्द्रले उक्त कार्यक्रम सञ्चालन गर्न यो कार्यविधि तयार गरी कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत प्राप्त गरी कार्यान्वयनमा ल्याएको छ । यो कार्यविधि कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्विकृत प्राप्त देहायका योजना तथा कार्यविधिको आधारमा कार्यान्वयन हुनेछ ।

- Benefit Sharing Plan of the REDD+ Emission Reductions Program for 13 Terai Arc Landscape Districts, 2082,
- तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३,
- वन विकास कोष संञ्चालन निर्देशिका, २०८२ ।

यो कार्यविधि चालु आर्थिक वर्ष २०८३/०८४ को लागि बजेट उपशीर्षक नं. ३१२९०१२८ मा **"वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम"** अन्तरगत संघीय तथा प्रदेश सरकारका मन्त्रालयगत वजेट सूचना



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

प्रणालीमा प्रविष्ट बार्षिक कार्यक्रम र बजेट विनियोजनको आधारमा रेड् कार्यान्वयन केन्द्र, तराई भू-परिधि क्षेत्रका स्थानीय तह, डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज कार्यालयद्वारा कार्यान्वयन हुने कार्यक्रमको लागि लागु हुनेछ ।

### १.३ कार्यविधिको लक्ष्य तथा उद्देश्य

**वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम, व.उ.शि.नं. ३१२००१२८, लाई तराई भू-परिधि क्षेत्रमा** उत्सर्जन न्यूनीकरणको लागि नेपाल सरकारद्वारा स्वीकृत Benefit Sharing Plan of the REDD+ Emission Reductions Program for 13 Terai Arc Landscape Districts, २०८२, तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ ,वन विकास कोष संञ्चालन निर्देशिका, २०८२ बमोजिम कार्यान्वयन गरी उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई थप सुदृढ तुल्याउनु यस कार्यविधिको प्रमुख लक्ष्य हो ।

यस कार्यविधिका देहायका खास उद्देश्यहरू छन्

- कार्यक्रम कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनमा लाभग्राही समुदाय, तहगत सरकार तथा सरोकारवालाहरूमा समान बुझाई कायम गरी एकरूपता ल्याउनु,
- स्वीकृत कार्यक्रमको परिमाणात्मक लक्ष्य, कार्यान्वयन प्रभावकारिता, कार्यकुशलता र नीतिगत तथा कार्यविधिगत तादम्यता (Policy and procedural compliance) सुनिश्चित गर्नु,
- कार्यक्रम कार्यान्वयनमा वातावरणीय तथा सामाजिक सुरक्षा सुनिश्चित गर्नु ।

## २. वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम कार्यान्वयन कार्यविधि

वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम अन्तर्गत स्वीकृत योजनाहरू तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ (कार्यविधि, २०८३) बमोजिम कार्यान्वयन गर्नुपर्दछ । यस कार्यक्रम अन्तरगत स्वीकृत योजना तथा क्रियाकलापहरूलाई कार्यविधि, २०८३ मा उल्लेखित लगानी योजना सरह मानी सोही कार्यविधिमा व्यवस्था भए बमोजिम कार्यान्वयन, अनुगमन, प्रतिवेदन तथा लेखापरीक्षण गर्नुपर्दछ ।

### २.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन

कार्यविधि, २०८३ मा उल्लेखित देहायका मार्गदर्शन वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम अन्तरगत स्वीकृत सबै योजनाहरूको लागि लागु हुनेछ ।

(१) खर्च केन्द्र निकायले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम र उपभोक्ता समूहले सामुदायिक वन निर्देशिका, २०८१ र यस कार्यविधि अनुसार कार्यान्वयन गर्नुपर्दछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख उपसचिव (प्रा.)

(२) लगानी योजना कार्यान्वयन गर्दा वन ऐन, २०७६ तथा नियमावली, २०७९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ एवं अन्तरगतका नियमावली तथा निर्देशिकाहरू र प्रदेश वन ऐन तथा नियमावलीहरू पालना गर्नु पर्दछ ।

(३) नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ को पालना गर्नुपर्दछ ।

(४) लगानी योजना अन्तरगतका कार्यहरू गर्दा नेपाल सरकार, प्रदेश सरकार वा सम्वन्धित स्थानीय तहबाट स्वीकृत नर्मस र प्राविधिक स्पेसिफिकेसनका आधारमा विस्तृत लागत अनुमान तयार गर्नुपर्दछ ।

(५) स्वीकृत योजनाको प्रकृति र कार्यक्षेत्र अनुसार समुदायलाई सम्वन्धित डिभिजन वन कार्यालय वा निकुञ्ज कार्यालय वा स्थानीय तह वा चुरे कार्यान्वयन इकाईले प्राविधिक सहायता पुर्याउनुपर्दछ ।

(६) योजना सम्पन्न भए पश्चात् सम्वन्धित लाभग्राही समूहको प्रतिनिधि र वडा प्रतिनिधिको समुपस्थितिमा न्यूनतम एक पटक सार्वजनिक सुनुवाई गरी अनुसूची ५ वमोजिम निर्णय पुस्तिका खडा गर्नु पर्दछ ।

(७) स्थानीय तहको स्वामित्वमा भएको सार्वजनिक जग्गामा कार्यसञ्चालन गर्नुअघि सम्वन्धित स्थानीय तह/वडा कार्यालयको सिफारिस लिनुपर्दछ ।

(८) लगानी योजनाको कार्यस्थलको जिपिएस स्थानमान (डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज कार्यालयको हकमा) र योजनाको कार्य समेत देखिने फोटो, खर्च श्रेस्तामा समावेश गर्नुपर्दछ ।

## २.२ स्वीकृत योजनाको मापदण्ड र विशेष कार्यप्रकृया (Specific Conditions)

### *२.२.१ फर्निचर तथा फिक्चर्स (परियोजनाका कर्मचारी तथा विज्ञहरूका लागि क्याविन लगायतको कार्पेटिङ तथा फर्निशिङ)*

सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार केन्द्रलाई आवश्यक पर्ने वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम कार्यान्वयनका लागि परियोजना व्यवस्थापन इकाइको रूपमा रेड कार्यान्वयन केन्द्रलाई व्यवस्थित कार्यसञ्चालन गर्न आवश्यक फर्निचर तथा कार्पेट/पार्केट खरिद, कार्यकक्ष (क्याविन) निर्माणका लागि यस शिर्षकमा विनियोजित रकम खर्चगर्न सकिनेछ ।

### २.२.२ *मेशिनरी तथा औजार (परियोजना व्यवस्थापन इकाइका लागि ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायत उपकरणहरु)* (REDD Desk and REDD Focal Person समेत)

सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार केन्द्रलाई आवश्यक पर्ने वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम कार्यान्वयन गर्न रेड कार्यान्वयन केन्द्रको लागि आवश्यक ल्यापटप, प्रिन्टर, स्क्यानर, फोटोकपि मेसिन लगायतका उपकरणहरू खरिद गर्न सकिने छ । यस शिर्षकवाट प्रदेश स्थित रेड डेस्क तथा जिल्लास्थित रेड सेल र रेड फोकल पर्सनका लागि आवश्यक ल्यापटप खरिद गरी उपलव्ध गराउन सकिनेछ ।

यस शिर्षक अन्तरगत खरिद गरिएका सामाग्री रेड कार्यान्वयन केन्द्रको जिन्सी खातामा आम्दानी वाँधी वन विकास कोषको सचिवालयमा सो को एक प्रति सहित जानकारी दिनुपर्दछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

### २.२.३ *दिगो वन व्यवस्थापन तथा वन डढेलो नियन्त्रण व्यवस्थापन कार्यक्रम (जिल्ला तथा समुदायस्तरमा)*

तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि २०८३ वमोजिम समुदायमा आधारित वन व्यवस्थापन समूहवाट रेड सेल मार्फत वा सिधै रेड कार्यान्वयन केन्द्रमा माग भएका वन डढेलो नियन्त्रण तथा व्यवस्थापन का लागि देहायका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(१) वन उपभोक्ता, वन कर्मचारीहरुको वन डढेलो दुर्घटना विमा (अधिकतम रु ५,००,०००)

(२) वन डढेलो नियन्त्रण दस्ता परिचालन (रु १५,००,०००)

बारा/रौतहट, चितवन, रुपन्देही/बाँके र कैलाली/कञ्चनपुर मध्ये ४ स्थानमा ५-५ जनाका दरले वन डढेलो नियन्त्रण दस्ता परिचालन गरिनेछ । फाल्गुण १५ देखि जेष्ठ १५ सम्म ३ महिनाका लागि नेपाल सरकारले निर्धारण गरेको श्रमिकको न्युनतम ज्याला दरमा नघटने गरी मासिक पारिश्रमिक उपलव्ध गराईनेछ र डढेलो नियन्त्रण गर्न जाँदा दैनिक रु १५०। वरावरको खाजा/नास्ता/पानीका लागि थप रकम समेत उपलव्ध गराईनेछ। साथै वन डढेलो नियन्त्रणका लागि PPE/पोशाक जनही रु ५,०००। सम्म खर्च गर्न सकिनेछ ।

(३) उपक्रम १ र २ अनुसार कुनै कारणवस रकम खर्च हुन नसकेमा वन डढेलो नियन्त्रणका लागि आवश्यक पर्ने उपकरण, दिगो वन व्यवस्थापनका लागि आवश्यक जि.पि.एस. लगायतका सामान्य उपकरण/औजार खरिद गरी वितरण गर्न यस शिर्षक अन्तरगतको वजेट खर्च गर्न सकिनेछ ।

यस शिर्षक अन्तरगत खरिद गरिएका सामाग्री रेड कार्यान्वयन केन्द्रको जिन्सी खातामा आम्दानी वाँधी वन विकास कोषको सचिवालयमा त्यसको प्रति सहित जानकारी दिनुपर्दछ ।

### २.२.४ *रेड सेल/रेड फोकल पर्सन* (IP/LC) *क्षमता अभिबृद्धि, सुदृढिकरण*

यस शिर्षकमा विनियोजित वजेटवाट रेड कार्यान्वयन केन्द्रले रेड सेलमा आवद्ध समुदाय र आदिवासी तथा जनजाति सदस्य प्रतिनिधि, प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालयका रेड फोकल पर्सनको आवश्यकता आंकलन गरी तदअनुरूपका क्षमता विकासका कार्यहरू सञ्चालन गर्नुपर्दछ । क्षमता विकास अन्तरगत पहिचान गरिएका तालिम, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न सकिनेछ । क्षमता विकास कार्यक्रम सञ्चालनपूर्व लक्ष्य, उद्देश्य, कार्यक्रमको अवधि, लक्षित सहभागी तथा संख्या, स्रोत व्यक्ति र सेशन प्लान सहितको अवधारणा पत्र, लागत अनुमान तयारी र स्वीकृती प्राप्त गर्नुपर्दछ ।

यस शिर्षक अन्तरगतका क्षमता विकासका कार्यक्रमहरू तराई भू-परिधिस्तरमा वा केन्द्रीय स्तरमा आवासीय वा गैर आवासीय, सेवा खरिद मार्फत वा सोझै खर्च केन्दवाट सञ्चालन गर्न सकिनेछ । सहभागीलाई कार्यक्रममा सहभागीताका लागि मिति, समय र स्थान स्पष्ट उल्लेख गरी कम्तीमा पाँच दिन अघि इमेल वा पत्रमार्फत सूचना गर्नुपर्दछ । कार्यक्रम सम्पन्न गरे पश्चात् व्यानर सहितको सहभागीहरूको सामूहिक तस्विर, सहभागीहरूको लिङ्ग तथा जातीयता अनुसार वर्गीकृत विवरण, निर्णय/माइन्युट लगायतका विषय सहितको प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्दछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख सचिव (प्रा.)

क्षमता विकास कार्यले रेड सेलका सदस्यहरू र सरोकारवालाहरूबीच जिल्लास्तरमा समन्वय गर्न, कार्यक्रममा लाभग्राहीहरूको संस्थागत अपनत्व सिर्जना गर्न, कार्यान्वयनमा सुधारका लागि सुझावहरू प्राप्त गर्न र समग्र कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सरोकारवालाहरूको सहभागीता प्राप्त गर्न प्रत्यक्ष टेपा पुर्याउने छ ।

### *२.२.५ विपन्न, सीमान्तकृत गरिबी न्यूनीकरण कार्यक्रम*

नेपाल सरकारले गरिव पहिचान गरी कार्यान्वयन गरिरहेको गरिवमुखी कवुलियती वन विकाश कार्यक्रम वा स्थानीय तह वा प्रदेश सरकारले तय गरेका अन्य कार्यक्रम समेतमा संलग्न महिला, दलित, आदिवासी जनजाति, विपन्न तथा सिमान्तकृत समुदायको जिविकोपार्जनको लागि समुदायले पहिचान गरेको योजना अनुसार आय वृद्धि गर्ने कार्यक्रम छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

यो कार्यक्रम कार्यान्वयनका लागि देहायका प्रकृया पूरा गर्नु पर्नेछ:

(१) रेड कार्यान्वयन केन्द्रले प्रस्ताव आव्हानको सूचना Website, सामाजिक संजाल वा डिभिजन वन कार्यालयहरु वा स्थानीय तहलाई जानकारी गराई प्रकाशन गर्नेछ ।

(२) योजना पहिचान गरी माग गर्ने गरिवमुखि कवुलियती वन विकाश कार्यक्रम वा स्थानीय तह वा प्रदेश सरकारले तय गरेका अन्य कार्यक्रम समेतमा संलग्न महिला, दलित, आदिवासी जनजाति, विपन्न तथा सिमान्तकृत समुदाय ले तोकेको समयावधिमा डिभिजन वन कार्यालय वा स्थानीय तहको सिफारिस सहित Email वा सूचना अधिकारीको Whatsapp मा प्रस्ताव पठाउन सक्नेछन ।

(३) रेड कार्यान्वयन केन्द्रले उपयुक्त प्रस्ताव छनौट गरी कार्यान्वयनका लागि डिभिजन वन कार्यालय वा स्थानीय तहलाई अनुरोध गर्न सक्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन गर्ने समुदायले डिभिजन वन कार्यालय मार्फत रेड कार्यान्वयन केन्द्रमा सक्कलै विल भर्पाई पेश गर्नु पर्नेछ ।

(५) यस शिर्षक अन्तरगतका सीपमूलक तालिम प्रदेश र तराई भू-परिधिस्तरमा आवासीय वा गैर आवासीय, सेवा खरिद मार्फत वा सोझै खर्च केन्दवाट कार्य सञ्चालन गर्न सकिनेछ । तालिम सम्पन्न गरे पश्चात् व्यानर सहितको गोष्ठीका सहभागीहरूको सामूहिक तस्बिर, सहभागीहरूको लिङ्ग तथा जातीयता अनुसार वर्गीकृत विवरण, गोष्ठीका निर्णय, माइन्युट लगायतका विषय सहितको प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्दछ ।

### *२.२.६ मिसन, अतिथि सत्कार तथा अन्य मिटिङको लागि जलपान/भोज खर्च*

विश्व बैङ्क लगायतका विकास साझेदार निकायहरुद्वारा सञ्चालन गरिने सहयोगी मिसन, समन्वय वैठक, कर्मचारी वैठक लगायतका संयुक्त अनुगमन भ्रमण र अतिथि सत्कारको लागि यस शिर्षक अन्तरगत विनियोजित रकम खर्च गर्न सकिने छ ।

### *२.२.७ लाभ वितरणको MIS निर्माण र सञ्चालन*

लाभ बाँडफाँड योजना कार्यान्वयन कार्यविधिले उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन सम्वन्धी प्रगति विवरण राष्ट्रिय वन व्यवस्थापन सूचना प्रणाली संग जोडी सार्वजनिक पहुँच भएको वेभसाईट मार्फत सार्वजनिक



उप-सचिव (प्रा.)
केन्द्र प्रमुख सचिव (प्रा.)

गर्ने उल्लेख गरेको छ । वन विकास कोष (उत्सर्जन न्यूनीकरण) कार्यक्रमका तहगत खर्चकेन्द्र निकायले आफ्नो कार्यक्षेत्र अन्तरगत संचालित लगानी योजना कार्यान्वयन अवस्थाको कार्यविधिमा तोकिएको ढांचामा प्रतिवेदन गर्दछन । सबै खर्च केन्द्र निकायहरुले तयार गरेको त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन रेड कार्यान्वयन केन्द्रमा प्राप्त हुने र केन्द्रले समग्र प्रगति विवरण तयार गरी वन विकास कोषको सचिवालयमा पठाउने व्यवस्था कार्यविधिमा छ । यसको अलावा डिभिजन वन कार्यालयले नियमावली, २०७९ को नियम १३४ बमोजिम त्रैमासिक रूपमा प्रदेश वन निर्देशनालय र वन तथा भू-संरक्षण विभागमा पठाउने प्रतिवेदनमा लगानी योजना कार्यान्वयनको अवस्था, कार्य प्रगति, उत्पादित सेवा तथा वस्तु विषय समावेश गरी उक्त प्रतिवेदन केन्द्रमा समेत पठाउनु पर्दछ । उल्लेखित व्यवस्था आवद्ध हुने गरी स्वचालित उत्सर्जन न्यूनीकरण लाभ वितरण विद्युतीय सूचना प्रणाली निर्माण तथा सञ्चालन गर्न यस शिर्षक अन्तरगत विनियोजित रकम खर्च गर्न सकिनेछ । यस अन्तरगत आवश्यक MIS सफ्टवेयर निर्माण, उपकरण खरिद, तहगत खर्चकेन्द्रका रेड फोकल पर्सनका लागि तालिम तथा कार्यस्थलमा कोचिङ कार्यहरू समावेश गर्न सकिनेछ ।

यस कार्यक्रमको कार्यान्वयनवाट वन विकास कोषको सचिवालय, राष्ट्रिय रेड निर्देशक समिति, तहगत रेड समन्वय समिति तथा सम्वन्धित पदाधिकारी र सरोकारवालाले वन विकास कोषवाट प्राप्त लाभ वितरणको कार्यान्वयन स्थितिवारे Real time जानकारी लिन सक्नेछन्।

माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि उल्लेखित MIS निर्माण सकभर विकाश साझेदार वा सहयोगी संघ संस्थाको आर्थिक सहयोगमा निर्माण गरिनेछ । यस कार्यका लागि रेड कार्यान्वयन केन्द्रले DRC हेटौडावाट उपलब्ध Space प्रयोग तथा स्वामित्व ग्रहण गरी प्रयोगमा ल्याउनेछ ।

### *२.२.८ सामुदायिक, साझेदारी, कबुलियती, मध्यवर्ति वनको, DFO पंचवर्षीय योजना, संरक्षण क्षेत्रको व्यवस्थापन योजना, निकुन्जको व्यवस्थापन योजना, कार्ययोजना कार्यान्वयनमा सहयोग*

उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ ले सामुदायिक वन, साझेदारी वन, कबुलियती वन तथा मध्यवर्ति सामुदायिक वनका कार्ययोजना र डिभिजन वन कार्यालय अन्तरगतका पंचवर्षीय योजना कार्यान्वयनमा उत्सर्जन न्यूनीकरण लाभको रकम प्राप्त गर्न लगानी योजना तयार गरी रेड सेल मार्फत वा सिधै केन्द्रमा पठाउन सक्ने व्यवस्था गरेको छ । यस शिर्षक अन्तरगत विनियोजित रकम देहायका शिर्षकमा खर्च गर्न सकिनेछः

(१) समुदायमा आधारित वन व्यवस्थापन समूहको वन कार्ययोजना निर्माण (रेड कार्यान्वयन केन्द्रवाट स्वीकृत कार्यविधि वमोजिम कवुलियती वनको हकमा प्रति समूह रु १०,००० तथा ३० हेक्टर भन्दा कम क्षेत्रफल भएका सामुदायिक वनको लागि रु ३०,०००। र ३० हेक्टर भन्दा वढी क्षेत्रफल भएका सामुदायिक वनको लागि वढीमा रु ५०,०००। र साझेदारी वनको हकमा रु १,००,०००। सम्म खर्च गर्न सकिने) साथै दिगो वन व्यवस्थापनको कार्ययोजना निर्माण गर्ने भएमा अन्य सहयोगी निकाय वा समूहको आफ्नो कोषवाट रकम परिचालन स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

(२) निकुञ्ज कार्यालय वा डिभिजन वन कार्यालयको पञ्चवर्षीय व्यवस्थापन योजना निर्माण (अधिकतम रु ३,००,०००।)

(३) समुदायद्वारा व्यवस्थित वनको कार्ययोजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन (संरक्षण पोखरी निर्माण- नेपाल सरकारको चुरे संरक्षण कार्यक्रमको अवधारणा अनुसार निर्माण गर्नुपर्ने तथा सिमेन्ट कंक्रीट प्रयोग नगर्ने शर्तमा), दिगो वन व्यवस्थापनका कार्यक्रम कार्यान्वयन, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम, गरिव विपन्न समुदायको आयमूलक कार्यक्रम ।

(४) बृक्षरोपण कार्यक्रम (बृक्षरोपणमा उपभोक्ताको लागत सहभागीता शुन्य प्रतिसत रहने अर्थात सत् प्रतिशत अनुदान कार्यक्रमवाट उपलव्ध गराउन सकिने साथै संरक्षणमा उपभोक्ताको योगदान हुनुपर्ने)।

माथि क्रम संख्या ३ मा उल्लेखित कार्यक्रममा समुदायको लागत सहभागीता कम्तिमा ५० प्रतिशत सुनिश्चित हुनपर्नेछ तथापि संरक्षण पोखरी निर्माण कार्यक्रममा समुदायको लागत सहभागीता कम्तिमा २० प्रतिशत सुनिश्चित हुनुपर्नेछ ।

उपरोक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा देहायको प्रकृया पुरा गर्नुपर्नेछ:

(१) रेड कार्यान्वयन केन्द्रले प्रस्ताव आव्हानको सूचना Website, सामाजिक संजाल वा डिभिजन वन कार्यालयहरु वा स्थानीय तहलाई जानकारी गराई प्रकाशन गर्नेछ ।

(२) योजना पहिचान गरी माग गर्ने समुदाय वा उपभोक्ता समूहले रेड कार्यान्वयन केन्द्रमा तोकेको समयावधिमा डिभिजन वन कार्यालय वा स्थानीय तहको सिफारिस सहित Email वा सूचना अधिकारीको Whatsapp मा प्रस्ताव पठाउन सक्नेछन् ।

(३) रेड कार्यान्वयन केन्द्रले उपयुक्त प्रस्ताव छनौट गरी कार्यान्वयनका लागि डिभिजन वन कार्यालय वा निकुञ्ज कार्यालयलाई अनुरोध गर्न सक्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन गर्ने समुदायले डिभिजन वन कार्यालय मार्फत रेड कार्यान्वयन केन्द्रमा सक्कलै विल भर्पाई पेश गर्नु पर्नेछ ।

डिभिजन वन कार्यालय/निकुञ्ज कार्यालयहरुवाट यसरी प्राप्त लगानी योजना कार्यान्वयन गर्न समुदायमा आधारित वन व्यवस्थापनको लागि सम्वन्धित उपभोक्ता समूह मार्फत र डिभिजन वन कार्यालय/निकुञ्ज कार्यालयका पञ्चवर्षीय/ व्यवस्थापन योजना कार्यान्वयन गर्न सम्वन्धित डिभिजन वन कार्यालय/निकुञ्ज कार्यालय मार्फत खर्च गर्न सकिनेछ । लगानी योजना तयारी तथा पेश गर्ने, प्राथमिकिकरण र स्वीकृती प्रदान गर्ने, कार्यान्वयन गर्ने, वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन गर्ने विधि उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ मा तोकिए वमोजिम गर्नुपर्दछ ।

### *२.२.९ मध्यवर्ति क्षेत्र (समुदाय तथा निकुन्ज कार्यालय)*

उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ ले मध्यवर्ति सामुदायिक वन/कवुलियती वनका कार्ययोजना र राष्ट्रिय निकुञ्ज कार्यालयका व्यवस्थापन योजना (मध्यवर्ति क्षेत्र) कार्यान्वयनमा उत्सर्जन न्यूनीकरण लाभको रकम प्राप्त गर्न लगानी योजना तयार गरी रेड सेल मार्फत वा सिधै केन्द्रमा पठाउन सक्ने व्यवस्था गरेको छ । यस शिर्षक अन्तरगत विनियोजित रकम यसरी प्राप्त लगानी योजना कार्यान्वयन गर्न मध्यवर्ति क्षेत्रका समुदायमा आधारित वन व्यवस्थापनको लागि सम्वन्धित उपभोक्ता समूह मार्फत र राष्ट्रिय निकुञ्जका व्यवस्थापन योजना कार्यान्वयन गर्न सम्वन्धित निकुञ्ज कार्यालय मार्फत खर्च गर्न सकिनेछ । यस



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

सम्वन्धी लगानी योजना तयारी तथा पेश गर्ने, प्राथमिकिकरण र स्वीकृती प्रदान गर्ने, कार्यान्वयन गर्ने, वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन गर्ने, अनुगमन तथा प्रतिवेदन गर्ने विधि उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ मा तोकिए वमोजिम गर्नुपर्दछ ।

उपरोक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा देहायको प्रकृया पुरा गर्नुपर्नेछः

(१) रेड कार्यान्वयन केन्द्रले प्रस्ताव आव्हानको सूचना Website, सामाजिक संजाल वा निकुञ्ज कार्यालयहरु वा स्थानीय तहलाई जानकारी गराई प्रकाशन गर्नेछ ।

(२) योजना पहिचान गरी माग गर्ने समुदाय वा उपभोक्ता समूहले उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ अनुसार लगानी योजना रेड सेलवाट सिफारिस गराई रेड कार्यान्वयन केन्द्रमा तोकिएको समयावधिमा निकुञ्ज कार्यालयको सिफारिस सहित Email वा सूचना अधिकारीको Whatsapp मा प्रस्ताव पठाउन सक्नेछन् ।

(३) रेड कार्यान्वयन केन्द्रले उक्त प्रस्ताव अनुसारको कार्यक्रम छनौट गरी कार्यान्वयनका लागि निकुञ्ज कार्यालयलाई अनुरोध गर्न सक्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन गर्ने समुदायले निकुञ्ज कार्यालय मार्फत रेड कार्यान्वयन केन्द्रमा सक्कलै विल भर्पाई पेश गर्नु पर्नेछ ।

(५) माथि जुनसुकै कुरा लेखिएको भएतापनि मध्यवर्ति क्षेत्रका लागि विनियोजित रकम कार्यन्वयनका लागि सम्वन्धित निकुञ्ज कार्यालयमा पठाउन वाधा पुग्ने छैन ।

### *२.२.१० Multistakeholder सहित CSO Alliance क्षमता अभिवृद्धि कार्यक्रम*

यस शिर्षकमा विनियोजित वजेटवाट रेड कार्यान्वयन केन्द्रले तहगत रेड प्लस समन्वय समितिमा प्रतिनिधित्व गर्ने आदिवासी जनजाति, दलित, महिला र समुदायका प्रतिनिधिमूलक संस्थाका सदस्य प्रतिनिधिहरूको लागि आवश्यकता आंकलन गरी तदअनुरूपका क्षमता विकासका कार्यहरू सञ्चालन गर्न सक्नेछ । क्षमता विकास अन्तरगत पहिचान गरिएका तालिम, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न सकिनेछ । क्षमता विकास कार्यक्रम सञ्चालनपूर्व लक्ष्य, उद्देश्य, कार्यक्रमको अवधि, लक्षित सहभागी तथा संख्या, स्रोत व्यक्ति र सेशन प्लान सहितको अवधारणा पत्र, लागत अनुमान तयारी र स्वीकृती प्राप्त गर्नुपर्दछ ।

यस शिर्षक अन्तरगतका क्षमता विकासका कार्यक्रमहरू तराई भू-परिधिस्तरमा वा केन्द्रीय स्तरमा आवासीय वा गैर आवासीय, सेवा खरिद मार्फत वा सोझै खर्च केन्दवाट सञ्चालन गर्न सकिनेछ । सहभागीलाई कार्यक्रममा सहभागीताका लागि मिति, समय र स्थान स्पष्ट उल्लेख गरी कम्तीमा पाँच दिन अघि इमेल वा पत्रमार्फत सूचना गर्नुपर्दछ । कार्यक्रम सम्पन्न गरे पश्चात् व्यानर सहितको सहभागीहरूको सामूहिक तस्विर, सहभागीहरूको लिङ्ग तथा जातीयता अनुसार वर्गीकृत विवरण सहितको उपस्थिति, निर्णय/माइन्युट लगायतका विषय सहितको प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्दछ ।

क्षमता विकास कार्यले वन विकास कोष (उत्सर्जन न्यूनीकरण) कार्यक्रम/लाभ बाँडफाँट योजना कार्यान्वयनमा आदिवासी जनजाति, दलित, महिला, समुदायका प्रतिनिधिमुलक संस्था मार्फत लाभग्राहिहरूको संस्थागत अपनत्व



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

सिर्जना गर्न, कार्यान्वयनमा सुधारका लागि सुझावहरू प्राप्त गर्न र समग्र कार्यक्रम तर्जुमा, कार्यान्वियन तथा अनुगमनमा सरोकारवालाहरूको सहभागीता प्राप्त गर्न प्रत्यक्ष टेवा पुर्याउनेछ ।

### २.२.११ *कार्यक्रम अनुगमन तथा निरीक्षण*

वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम एक नविन अवधारणाको रूपमा कार्यान्वयन हुंदैछ । कार्यक्रम कार्यान्वयन गर्दै जाने र कार्यान्वयन अनुभव र सिकाईको आधारमा लचिलो व्यवस्थापनका साथ कार्यान्वयनमा सुधार समेत गर्दै जानु पर्दछ । स्वीकृत प्रत्येक योजनाको लक्ष्य, हासिल परिमाणात्मक प्रगति, कार्यान्वयन प्रकृया र वातावरणीय तथा सामाजिक सुरक्षा स्थितिको नियमित अनुगमन गरी प्राप्त स्रोत, साधन तथा जनशक्ति औचित्यपूर्ण तरिकावाट उपयोग गर्न, पृष्ठपोषण लिन, लक्ष्य अनुसार प्रगति हासिल गर्न, कार्यक्रम कार्यान्वयनमा पारदर्शीता तथा सुशासन कायम गरी समयमै सुझाव सहितका आर्थिक तथा प्राविधिक प्रतिवेदनहरू पेश गर्ने प्रयोजनका लागि अनुगमनको व्यवस्था गरिएको छ ।

यस शिर्षक अन्तरगत अनुगमन योजना तथा भ्रमण स्वीकृत गराई कार्यस्थलको प्रत्यक्ष अवलोकन भ्रमण तथा प्रतिवेदन, सरोकारवाला तथा तहगत सरकारका प्रतिनिधहरूको सहभागीतामा संयुक्त अनुगमन, स्वतन्त्र विज्ञवाट अनुगमन गर्नमा खर्च गर्न सकिनेछ । यसरी अनुगमन गरिसके पश्चात् देहायका विषय खोली अनुगमन गरिएका कृयाकलापका परिमाणात्मक लक्ष्य तथा प्रगति, प्रकृया र वातावरणीय तथा सामाजिक सुरक्षा विषय समावेश गरी रेड कार्यान्वयन केन्द्रमा म.ले.प.फा. नं. ९०९ वमोजिमको प्रतिवेदन पेश गर्नुपर्दछ:

- भ्रमण गर्नुको सन्दर्भ/पृष्ठभूमि, भ्रमणको खास प्रयोजन/उद्देश्य र भ्रमण अवधि
- तिन महले भ्रमण तालिका (मिति, भ्रमण गरिएका स्थान, गरिएका कार्यहरू)
- भ्रमणमा देखिएका विषय, प्राप्त जानकारी, सिकाई तथा उपलव्धि
- सारांश तथा सुझावहरू
- भ्रमण पुष्टि गर्ने कागजातको विवरण (फोटो, वैठक माइन्युट, जिपिएस स्थानमान)

कार्यक्रमसंग सम्वन्धित संघीय तथा प्रदेश सरकार र स्थानीय तहवाट सङ्कलित त्रैमासिक तथा वार्षिक प्रतिवेदन कम्पाइल तथा विश्लेषण गरी वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रमको एकिकृत वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन गर्न समेत यस शिर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

अनुगमन तथा प्रतिवेदन कार्यवाट लगानी योजना कार्यान्वियनको लागि प्राप्त स्रोत साधन तथा जनशक्ति योजना गरिए अनुसार उपयोग गर्न सहयोग पुग्ने, अनुगमनवाट प्राप्त सिकाईहरू बाँकी अवधिको लागि उपलव्धिमूलक हुने, आवश्यक आवधिक आर्थिक तथा प्राविधिक प्रतिवेदनहरू समयमै प्रस्तुत भएको हुनेछ ।

### २.२.१२ *निर्देशनालयमा कार्बन उत्सर्जन न्यूनीकरण अनुगमन तथा मुल्यांकन र रेड कार्यविन्यन केन्द्रमा प्रतिवेदन*

यस शिर्षक अन्तरगत विनियोजित रकम तराई भू-परिधि क्षेत्रमा कार्यक्षेत्र रहेका प्रदेश वन निर्देशनालयहरूलाई वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम अन्तरगतका प्रत्येक योजनाको लक्ष्य, हासिल परिमाणात्मक



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख सचिव (प्रा.)

प्रगति, कार्यान्वयन प्रकृया र वातावरणीय तथा सामाजिक सुरक्षा स्थितिको नियमित अनुगमन गरी रेड कार्यान्वयन केन्द्रमा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि खर्च गर्न सकिनेछ । यस सम्वन्धी अन्य व्यवस्था तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ र माथि शिर्षक २.२.११ मा उल्लेख भए वमोजिम हुनेछ ।

प्रदेश वन निर्देशनालयवाट हुने अनुगमन तथा प्रतिवेदन कार्यवाट लगानी योजना कार्यान्वयनको लागि प्राप्त स्रोत साधन तथा जनशक्ति योजना गरिए अनुसार उपयोग गर्न सहयोग पुग्ने, अनुगमन वाट प्राप्त सिकाईहरू बाँकी अवधिको लागि उपलब्धिमूलक हुने, आवश्यक आवधिक आर्थिक तथा प्राविधिक प्रतिवेदनहरू समयमै प्रस्तुत भएको हुनेछ ।

*२.२.१३ वनमा आश्रित समुदायका लागि कार्वन लाभ वितरण कार्यक्रम*

यस शिर्षक अन्तरगत विनियोजिम रकम सामाजिक सुरक्षा ऐन २०७५ को अनुसूचीमा रहेका लोपोन्मुख जाति (कुसुन्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा, कुवडिया (पत्थरकट्टा, सिलकट, कुशवधिया, र कुचबधिया), प्रथाजनित संस्था र प्राकृतिक स्रोतमा निर्भर रहेका अति विपन्न घरधुरी पहिचान गरी वस्तुगत (non-monetary) सहायता उपलब्ध गराउन खर्च गर्न सकिने छ । स्थानीय तहले लाभग्राहीहरूसँग छलफल गरी रेड सेल वा डिभिजन वन कार्यालय मार्फत वा सिधै रेड कार्यान्वयन केन्द्रमा लाभान्वित घरधुरीको विस्तृत विवरण सहितको लगानी योजना प्राप्त गरी उक्त लगानी योजना कार्यान्वयन गर्न रेड कार्यान्वयन केन्द्रसंग सम्झौता गरी कार्यान्वयन गर्नुपर्दछ । रेड कार्यान्वयन केन्द्र र डिभिजन वन कार्यालयले स्थानीय तहले पहिचान गरेका लाभग्राहीहरूलाई आवश्यकता अनुसार थप प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ। यस सम्वन्धी अन्य व्यवस्था तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ र माथि शिर्षक २.२.११ मा उल्लेख भए वमोजिम हुनेछ । यो शिर्षकको कार्यक्रम कार्यान्वयन का लागि रेड कार्यान्वयन केन्द्रले अलग्गै कार्यविधि तयार गरी लागु गर्नेछ ।

*२.२.१४ आयोजनाको भौतिक संरचना मर्मत तथा सुधार*

सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आयोजना सञ्चालन गर्ने रेड कार्यान्वयन केन्द्रले आवश्यकता अनुसार भौतिक संरचना मर्मत सुधार गर्न सक्नेछ ।

*२.२.१५ कम्प्यूटर/ल्यापटप/स्क्यानर/फोटोकपी/AC आदि (मेशिनरी सामान) मरमंत खर्च*

सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आयोजना सञ्चालन गर्ने रेड कार्यान्वयन केन्द्रले आवश्यकता अनुसार तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन कार्यमा उपयोगमा रहेका ल्यापटप, प्रिन्टर, स्क्यानर, फोटोकपि मेसिन लगायतका उपकरणहरू मर्मत गर्न सकिने छ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख सचिव (प्रा.)

### *२.२.१६ मध्यवर्ति क्षेत्र तथा निकुन्जमा कार्यालयलाई कार्वन उत्सर्जन न्यूनीकरण, REDD+, वातावरणीय कार्यक्रम कार्यान्वयन अनुगमन र रेड कार्यविन्यन केन्द्रमा प्रतिवेदन*

यस शिर्षक अन्तरगत विनियोजित रकम तराई भू-परिधि क्षेत्रका राष्ट्रिय निकुञ्जका मध्यवर्ति क्षेत्रमा वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम अन्तरगतका योजनाको लक्ष्य, हासिल परिमाणात्मक प्रगति, कार्यान्वयन प्रकृया र वातावरणीय तथा सामाजिक सुरक्षा स्थितिको नियमित अनुगमन गरी रेड कार्यान्वयन केन्द्रमा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि खर्च गर्न सकिनेछ । यस सम्वन्धी अन्य व्यवस्था तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ र माथि शिर्षक २.२.११ मा उल्लेख भए बमोजिम हुनेछ ।

राष्ट्रिय निकुञ्ज कार्यालयवाट हुने अनुगमन तथा प्रतिवेदन कार्यले तराई भू-परिधि क्षेत्रका ५ वटा राष्ट्रिय निकुञ्जका मध्यवर्ति क्षेत्रमा समुदायमा आधारित वन र सरकारद्वारा व्यवस्थित वन व्यवस्थापनमा सुधार हुने र समग्र संरक्षित क्षेत्र व्यवस्थापन सुधारमा टेवा पुर्याउनेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि मध्यवर्ति क्षेत्रका लागि विनियोजित रकम कार्यान्वयनको अनुगमनका लागि सम्वन्धित निकुञ्ज कार्यालयमा पठाउन वाधा पुग्ने छैन ।

### *२.२.१७ समुदायद्वारा व्यवस्थित वन समूहहरुलाई दिगो वन व्यवस्थापन, जीविकोपार्जन तथा क्षमता अभिवृद्धि कार्यक्रम*

उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ अनुसार सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, मध्यवर्ती सामुदायिक वन तथा मध्यवर्ती कवुलियती वन उपभोक्ता समूहले दिगो वन व्यवस्थापन, जीविकोपार्जन र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न लगानी योजना तयार गर्न सक्ने व्यवस्था छ। उपभोक्ता समूहले यस किसिमका लगानी योजना जिल्लास्थित रेड सेल मार्फत वा सिधै केन्द्रमा पेश गर्न सक्नेछन् । यसरी प्राप्त लगानी योजना छनौट, प्राथमिकिकरण तथा स्विकृत गरी कार्यान्वयनका लागि केन्द्रले यस शीर्षकमा विनियोजित रकम सम्बन्धित उपभोक्ता समूहलाई सिधै उपलब्ध गराउन सक्नेछ ।

लगानी योजना तयारी तथा पेश गर्ने, प्राथमिकिकरण र स्वीकृती प्रदान गर्ने, कार्यान्वयन गर्ने, वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन गर्ने विधि उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ मा तोकिए बमोजिम गर्नुपर्दछ । यस शिर्षक अन्तरगतका कार्यक्रम कार्यान्वयनवाट नेपाल सरकार र विश्व बैंकबीच सम्पन्न सम्झौतामा उल्लेख गरिएको उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजनाले निर्दिष्ट गरेको नतिजामा आधारित लाभ सम्वन्धित लक्षित लाभग्राही समुदायसम्म पुर्याउनेछ र पुर्याएको सुनिश्चित गर्नेछ ।

उपरोक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा देहायको प्रकृया पुरा गर्नुपर्नेछ:

(१) रेड कार्यान्वयन केन्द्रले लगानी योजना पेश गर्न आव्हानको सूचना Website, सामाजिक संजाल वा डिभिजन वन कार्यालयहरु वा स्थानीय तहलाई जानकारी गराई प्रकाशन गर्नेछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख सह-सचिव (प्रा.)

(२) योजना पहिचान गरी माग गर्ने समुदाय वा उपभोक्ता समूहले उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ अनुसार तयार गरेको लगानी योजना रेड सेल र निकुञ्ज कार्यालयको सिफारिस गराई तोकेको समयावधिभित्र रेड कार्यान्वयन केन्द्रको Email वा सूचना अधिकारीको Whatsapp मा पठाउन सक्नेछन ।

(३) रेड कार्यान्वयन केन्द्रले उक्त लगानी योजना अनुसारको कार्यक्रम छनौट गरी कार्यान्वयनका लागि डिभिजन वन कार्यालय वा उपभोक्ता समूहलाई अनुरोध गर्न सक्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन गर्ने समुदायले कार्य सम्पन्न पश्चात डिभिजन वन कार्यालय मार्फत रेड कार्यान्वयन केन्द्रमा सक्कलै विल भर्पाई पेश गर्नु पर्नेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ता समूहका लागि विनियोजित रकम कार्यान्वयनका लागि सम्वन्धित डिभिजन वन कार्यालय वा वन विभाग अन्तर्गतको कुनै निकायमा पठाउन वाधा पुग्ने छैन ।

*२.२.१८ सूचना प्रकाशन*

यस शिर्षक अन्तरगत विनियोजित रकम कार्यालयको विभिन्न आवश्यक सूचना प्रकाशन गर्न खर्च गर्न सकिनेछ ।

*२.२.१९ आर्थिक, सामाजिक तथा वातावरणीय वन क्षेत्रको तथ्यांक विवरण संकलन तथा प्रतिवेदन तयार*

वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०८३/०८४ मा सवै शिर्षक अन्तरगत भए गरेका कार्यहरूको परिमाणात्मक लक्ष्य तथा प्रगति, कार्य प्रकृया, वातावरणीय तथा सामाजिक सुरक्षा लगायतका विवरण संकलन गरी वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्नुपर्दछ । यस शिर्षक अन्तरगत विनियोजित बजेट उक्त कार्यको लागि तथ्याङ्क संकलन, प्रतिवेदन तयारी र छपाइसंग सम्वन्धित कार्यहरूमा खर्च गर्न सकिनेछ ।

रेड कार्यान्वयन केन्द्र लगायत कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण खर्च केन्द्रहरूवाट भएका कार्यको भौतिक तथा वित्तीय लक्ष्य तथा प्रगति विवरण, वातावरणीय तथा सामाजिक सुरक्षा विश्लेषण, कार्यान्वयनमा देखिएका समस्या तथा सुधारका लागि सुझाव सहितको वार्षिक प्रगति प्रतिवेदन यस शिर्षक अन्तरगत विनियोजिम वजेटको प्रमुख उपलव्धि हुनेछ ।

*२.२.२० VVB Field Mobilization खर्च*

उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनमा आवश्यक वन सर्भे, उत्सर्जन न्यूनीकरण मापन, प्रमाणीकरण लगायत National Forest Monitoring System व्यवस्थापन गर्ने कार्य वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट हुंदै आएको छ । यस शिर्षक अन्तरगत विनियोजित रकम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट MRV (Measurement, Reporting and Verification), VVB (Validation and Verification Body), NFMS (National Forest Monitoring System) कार्यको लागि रेड कार्यान्वयन केन्द्र तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका जनशक्ति परिचालनमा खर्च गर्न सकिने छ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख सचिव (प्रा.)

यस शिर्षक अन्तरगतको वजेट खर्च गर्नु अघि कार्यक्रमको पृष्ठभूमि सहितको उद्देश्य, स्थान र अनुमानित लागत सहितको संक्षिप्त प्रस्ताव तयार गरी केन्द्र प्रमुखवाट स्वीकृत गराउनु पर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था शिर्षक २.२.११ वमोजिम हुनेछ । यसवाट शिर्षक २.२.२५ मा उल्लेखित MRV, VVB तथा NFMS कार्यका लागि थप टेवा पुगी वन सर्भे र उत्सर्जन न्यूनीकरण सम्वन्धी आवश्यक तथ्याङ्क प्राप्त गर्न सहयोग पुगेको हुनेछ।

*२.२.२१ नयाँ तथा पुराना निजी वनको विकास तथा प्रवर्धन वस्तुगत सहयोग (निजी वन धनि/किसान) र संघीय सशर्त तर्फको २६३३२ को स्थानीय तह, रेड कार्यक्रम, समुदाय तथा निजी वनलाई सहयोग गर्न २ (प्रति डि.व.का.) वन प्राविधिक नियुक्ति (पाचौं तह)*

यस शिर्षक अन्तर्गत विनियोजित रकम देहाय वमोजिम खर्च गर्न सकिने गरि LMBIS मा विनियोजित गरिसकिएको छः

१ ७० प्रतिशत हिस्सा मौजुदा निजी वनको संरक्षण, व्यवस्थापन र विरूवा उत्पादन/खरिद तथा नयाँ निजी वन विकास, निजी वन दर्ता, नविकरण, रूख मापन, जग्गा नापजाँच, विमा लगायतका कार्यको लागि समृद्धिको लागि वन कार्यक्रमको वृक्षारोपण अनुदान निर्देशिका वमोजिम निजी वन धनीलाई लगानी योजना कार्यान्वयन गर्न रेड कार्यान्वयन केन्द्र वा स्थानीय तह मार्फत उपलव्ध गराउन ।

२ ३० प्रतिशत हिस्सा स्थानीय तहको लागि डिभिजन वन कार्यालय मार्फत प्राविधिक जनशक्ति उपलव्ध गराउन ।

स्थानीय तहका लागि यस कार्यक्रम मार्फत व्यवस्था गरिएको वन प्राविधिकलाई उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ मा तोकिएको कार्यविवरण सहित काममा लगाउन सकिनेछ ।

माथि उल्लेखित क्रम संख्या १ अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा देहाएको प्रकृया पुरा गरी सम्पन्न गरिनेछः

(१) तराई भू परिधिका १३ जिल्लामा निजि वन विकाश गर्न चाहने ईच्छुक किसानहरुलाई लक्षित गरी रेड कार्यान्वयन केन्द्रले बृक्षरोपणका लागि अनुदान प्राप्त गर्ने सूचना प्रकाशन गर्नेछ । यस्तो सूचना वेभसाईट, सामाजिक संजाल वा पत्रिका मार्फत सार्वजनिक गर्न सकिनेछ ।

(२) रेड कार्यान्वयन केन्द्रले सूचनामा देहायको विवरण माग गर्ने गरी सूचना प्रकाशन गर्न सक्नेछ ।

- बृक्षरोपण गर्न ईच्छुक किसानको नाम, ठेगाना, सम्पर्क नम्वर, नागरिकताको तथा लालपुर्जाको प्रतिलिपिहरु र बृक्षरोपण गर्ने क्षेत्रफल
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
- १०० भन्दा बढी विरुवा रोप्न ईच्छुक प्रतिवद्धता पत्र

(३) सूचना अनुसार तोकिएको समयावधि भित्र रेड कार्यान्वयन केन्द्रमा पेश गरेको बृक्षरोपण योजना/निवेदन अनुसार उपयुक्त निवेदन छनौट गर्नेछ ।

(४) रेड कार्यान्वयन केन्द्रले छनौट भएको किसानको विवरण डिभिजन वन कार्यालयले नियुक्त गरेको वन प्राविधिकलाई उपलव्ध गराउनेछ । उक्त वन प्राविधिकले किसानलाई आवश्यक प्राविधिक सहयोग गर्नु पर्नेछ ।

(५) बृक्षरोपणको लागि छनौट गरिएका किसानलाई ६० प्रतिसत वन जन्य विरुवा तथा ४० प्रतिसत फलफुल जन्य विरुवाको मिश्रण बनाई बृक्षरोपण गराउने दायित्व वन प्राविधिकको हुनेछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
उप-सचिव (प्रा.)

(६) किसानले विरुवाको व्यवस्थापन आफैले खरिद गरी वा अन्य कुनै श्रोतवाट लिन वाधा पुग्ने छैन । यदि विरुवा व्यवस्थापन गर्न नसकेमा वन प्राविधिकले डिभिजन वन कार्यालय वा कृषि ज्ञान केन्द्र वा अन्य निकायवाट विरुवा व्यवस्थापनका लागि सहजिकरण गरिदिनुपर्नेछ । यसरी बृक्षरोपण गरिने विरुवा वहुवर्षिय वा कम्तिमा ३ फिट उचाई भएको हुनुपर्नेछ ।

(७) किसानले बृक्षरोपण गरेपश्चात् वन प्राविधिकले पेश गरेको अन्तिम प्रतिवेदनमा उल्लेखित विरुवा संख्याका आधारमा रेड कार्यान्वयन केन्द्र वा स्थानीय तह वा डिभिजन वन कार्यालयले प्रति विरुवा रु ६०। (साठी) का दरले (अर्थ मन्त्रालयको सहमति लिई स्वीकृत गरिएको FFPP को Plantation Grant Manual अनुसार NRCC को निर्णय अनुसार) किसानको बैंक खातामा सोझै विरुवा खरिद, जग्गा तयारी, खाडल खनेको, गोडमेल, संरक्षण वापत, मल, सिँचाई खर्च समेत समेटिने गरी एकमुष्ठ रकम वस्तुगत अनुदान स्वरुप बृक्षरोपण सम्पन्न भए पश्चात् उपलब्ध गराउनु पर्नेछ ।

(८) स्थानीय तहको जनप्रतिनिधि, सव डिभिजन वन कार्यालयको कर्मचारी, वन प्राविधिक, नजिकैको सामुदायिक वनको प्रतिनिधि को रोहवरमा अनुगमन गरी वन प्राविधिकले अन्तिम प्रतिवेदन डिभिजन वन कार्यालय मार्फत रेड कार्यान्वयन केन्द्रमा पेश गर्नु पर्नेछ ।

माथि जुनसुकै कुरा लेखिएको भयतापनि यस्तो बृक्षरोपण वापतको रकम रेड कार्यान्वयन केन्द्रले डिभिजन वन कार्यालय वा स्थानीय तहलाई खर्च गर्न पठाउन सक्नेछ ।

यस शिर्षक अन्तरगतको कार्यक्रम कार्यान्वयनवाट स्थानीय तह तथा डिभिजन वन कार्यालयको समन्वयमा उत्सर्जन न्यूनीकरण वापत निजी वन धनीलाई प्राप्त हुने वस्तुगत सहायतको हिस्सा कार्यान्वयन भएको सुनिश्चित हुनेछ ।

माथि उल्लेखित क्रम संख्या २ अनुसारको वन प्राविधिक नियुक्ति र परिचालन गर्दा देहाएको प्रकृया पुरा गरी सम्पन्न गरिनेछ ।

<u>वन प्राविधिक नियुक्तिका आधार र योग्यता</u>

(१) रेड कार्यान्वयन केन्द्रद्धारा विगतमा संचालित समृद्धिको लागि वन कार्यक्रम अन्तर्गत स्थानीय तहमा काम गरेका वन प्राविधिकलाई प्रथमिकता दिने ।

(२) वन विज्ञान सम्वन्धि विषयमा प्रविणता प्रमाणपत्र तह गरी समुदाय, बृक्षरोपण वा समुदायमा आधारित वन व्यवस्थापन सम्वन्धि काममा ७ वर्ष अनुभव हासिल गरेको वा वन विज्ञान सम्वन्धि विषयमा स्नातक गरी २ वर्ष अनुभव हासिल गरेको ।

(३) महिला, आदिवासी, जनजाति तथा दलितलाई प्रथमिकता दिने ।

(४) पोखरी, पानीका मूहान, घटगद्दि घर, बृक्षरोपण लगायत वन क्षेत्रभित्र वनको संरक्षणका लागि निर्माण गरिने पूर्वाधारको लागत अनुमान तयार गर्न सक्ने ।

(५) REDD+ कार्यक्रम वारेमा जानकार ।

(६) डिभिजन वन कार्यालयले मेरिटका अन्य आधार तयार गरी नियुक्त गर्ने ।

(७) स्थानीय तहमा निजी वन तथा सार्वजनिक जग्गामा वन विकाश सम्वन्धी काम गर्न सक्ने ।

(८) कम्प्युटरमा सिप (GIS, ETRS आदि जस्ता Application चलाउन जान्ने सिप युक्त)।

(९) प्रचलित कानुन अनुसार अयोग्य नरहेको।

वन प्राविधिक नियुक्तिका आधार र योग्यता अनुसार मूल्यांकन अधार अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।



उप-सचिव (प्रा.)

सचिव (प्रा.)

वन प्राविधिकको काम कर्तव्य

(१) तराईका १३ जिल्लामा निजि वनको विकाश र विस्तारका लागि सम्वन्धित डिभिजन वन कार्यालयमा रही स्थानीय तह र किसानलाई प्राविधिक सहयोग गर्ने ।

(२) आफू कार्यरत रहेको जिल्ला/डिभिजनको कार्यक्षेत्रभित्र १० रोपनी वा सो भन्दा वढी क्षेत्रफल भएको निजी जग्गाका किसानको रुखहरुको विवरण Electronic Tree Registration System मा प्रविष्ट गर्ने ।

(३) कार्वन उत्सर्जन न्यूनीकरण कार्यक्रमवाट लाभ प्राप्त गर्ने समुदाय, वन उपभोक्ता समूह, आदिवासी जनजातिहरुको लगानी योजना कार्यान्वयनमा सहयोग, लाभ वितरणमा सहयोग, आवश्यक प्राविधिक सहयोग, तथ्याङ्क संकलन लगायतका कार्य गर्ने ।

(४) BSP, MIS, NFIS, SIS, ETRS जस्ता रेड कार्यान्वयन केन्द्रका सूचना प्रणालीमा तथ्याङ्क प्रविष्ट गर्ने गराउने ।

(५) रेड सेल तथा रेड फोकल पर्सनलाई आवश्यक सहयोग गर्ने ।

(६) रेड कार्यान्वयन केन्द्रले तोकेका लिफ कोलिसनका अन्य जिल्ला समेतमा गई काम गर्ने ।

(७) बृक्षरोपण गर्ने क्षेत्र, पोखरी, पानीका मूहान, घाटगद्दि घर, बृक्षरोपण लगायत वन क्षेत्रभित्र वनको संरक्षणका लागि निर्माण गरिने पूर्वाधारको लागि आवश्यक सर्भे, डिजाईन, लागत अनुमान तयार गर्ने लगायतका काम गर्ने ।

(८) डिभिजन वन कार्यालयले तोकेका अन्य कामहरु गर्ने ।

(९) रेड कार्यान्वयन केन्द्रले तोकेका सवै काम गर्ने ।।

२.२.२२ *विश्व बैङ्कको शर्त अनुसार* **(Emission Reduction Program)** *कार्यान्वियनका लागि स्वीकृत* **Benefit Sharing Plan** *अनुसार* **Project management Unit** *मा आयोजना कार्यक्रम व्यवस्थापनको लागि आवश्यक करार सेवा (समुदायको सहजकर्ता तथा* Desk assistant, E&S Assistant, Finance Assistant, Driver, Helper *लगायत)*

यस शिर्षक अन्तरगत वन विकास कोष (उत्सर्जन न्यूनीकरण) कार्यक्रम व्यवस्थापनका देहाय वमोजिमका जनशक्ति करार सेवाबाट लिन सकिनेछः

- समुदाय सहजकर्ता
- डेस्क Assistant
- वातावरणीय तथा सामाजिक सुरक्षा सहायक
- वित्त सहायक
- ड्राइभर
- कार्यालय सहयोगी

करारवाट जनशक्ति लिनुपूर्व सम्वन्धित व्यक्तिको आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव, कार्यदायरा, कार्यविवरण, कार्यस्थल तथा सुविधा लगायतका विषय उल्लेख भएको Terms of Reference तयार गरी केन्द्र प्रमुखवाट स्वीकृत गर्नुपर्दछ । रेड कार्यान्वयन केन्द्रको रोष्टरमा अभिलेख भएका, विगतमा केन्द्रमा कार्य गरी



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

उत्सर्जन न्यूनीकरण कार्यक्रममा अनुभव प्राप्त गरेका व्यक्तिहरूबाट दरखास्त प्राप्त गरी केन्द्रद्वारा उत्कृष्ट ठहर्याएका उपयुक्त व्यक्तिलाई करारमा लिन सकिनेछ ।

उपरोक्त पदहरु मध्ये वित्त सहायक नियुक्त गर्दा फिल्डमा काम गर्ने गरी तराईका १३ वटा जिल्लालाई ५ वटा विभिन्न क्लस्टरमा विभाजन गरी (बारा, पर्सा, रौतहट-१, डिभिजन वन कार्यालय बारा, चितवन, नवलपरासी-१, डिभिजन वन कार्यालय चितवन, रुपन्देही र कपिलवस्तु- वन निर्देशनालय रुपन्देही, दाङ्ग, बाँके, बर्दिया-१, डिभिजन वन कार्यालय बाँके, कैलाली र कञ्चनपुर-१, डिभिजन वन कार्यालय कैलाली) नियुक्ति गरिनेछ । निजहरुको योग्यता व्यवस्थापन तथा अर्थशास्त्रमा स्नातक गरेको हुनुपर्नेछ ।

### *२.२.२३ उत्सजर्न न्यूनीकरण कार्यक्रमको लाभ वितरण कार्यविन्यनको अभिमुखिकरण गोष्ठी*

यस शिर्षकमा विनियोजित रकमबाट लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ Roll out का लागि प्रदेश तथा भू-परिधिस्तरमा अभिमुखिकरण गोष्ठी सञ्चालन गरिनेमछ । लाभग्राही डिभिजन वन कार्यालय तथा राष्ट्रिय निकुञ्ज कार्यालयका स्थलगत कर्मचारीहरू, सामुदायिक, कबुलियती, साझेदारी, मध्यवर्ती सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधिहरू, आदिवासी जनजाति तथा उनीहरूका प्रथाजनित संस्थाका प्रतिनिधिहरू, निजी वनसंग सम्वन्धित संस्थाका प्रतिनिधिहरू, दलित तथा महिलासंग सम्वन्धित संस्थाका प्रतिनिधिहरू, अल्पसंख्यक समुदाय, वनमा आश्रित विपन्न वर्ग, समूहमा आवद्ध नभएका लोपोन्मुख जातिका सदस्यहरू अभिमुखिकरण गोष्ठीका सहभागी हुनेछन् । सहभागीलाई कार्यक्रममा सहभागीताका लागि मिति, समय र स्थान स्पष्ट उल्लेख गरी कम्तीमा पाँच दिनअघि इमेल वा पत्रमार्फत सूचना गर्नुपर्दछ ।

यस शिर्षक अन्तरगतका अभिमुखिकरण गोष्ठी तराई भू-परिधिस्तरमा वा प्रदेशस्तरमा आवासीय वा गैर आवासीय, सेवा खरिद मार्फत वा सोझै केन्द्रबाट सञ्चालन गर्न सकिनेछ । गोष्ठी सम्पन्न गरे पश्चात् ब्यानर सहितको गोष्ठीका सहभागीहरूको सामूहिक तस्विर, सहभागीहरूको लिङ्ग तथा जातीयता अनुसार वर्गीकृत विवरण सहितको उपस्थिति, गोष्ठिका निर्णय, माइन्युट लगायतका विषय सहितको प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्दछ ।

अभिमुखिकरण गोष्ठीले जिल्ला, प्रदेश तथा भू-परिधिस्तरमा निकायगत समन्वय गर्न, कार्यक्रममा तहगत सरकार तथा सरोकारवालाहरूको अपनत्व सिर्जना गर्न, कार्यन्वयनमा समान धारणा कायम गर्न, योजना तर्जुमा कार्यमा लाभग्राही तथा सरोकारवालाहरूको सहभागीता प्राप्त गर्न प्रत्यक्ष टेवा पुर्याउने छ ।

### *२.२.२४ संघीय, प्रदेश र स्थानीय तहको समन्वय, बैठक, गोष्ठी, सेमिनार*

कार्यक्रम सञ्चालन पूर्व लक्ष्य, उद्देश्य, कार्यक्रमको अवधि, लक्षित सहभागी तथा संख्या, स्रोत व्यक्ति र सेशन प्लान सहितको अवधारणा पत्र, लागत अनुमान तयारी र स्वीकृती प्राप्त गर्नुपर्दछ । रेड कार्यान्वयन केन्द्र, वन तथा भू-संरक्षण विभाग (वन विकास कोष), सम्वन्धित प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय र राष्ट्रिय "निकुञ्ज कार्यालयका लेखा अधिकृत यस कार्यक्रमका सहभागी हुनेछन । सहभागीलाई कार्यक्रममा सहभागीताका लागि मिति, समय र स्थान स्पष्ट उल्लेख गरी कम्तीमा पाँच दिन अघि इमेल वा पत्रमार्फत सूचना गरी



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख सचिव (प्रा.)

आवासीय वा गैर आवासीय पुनरताजकी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ । आवश्यकता र औचित्यका आधारमा सेवा खरिद वा सोझै केन्द्रवाट सञ्चालन गर्न सकिनेछ ।

सम्पन्न प्रतिवेदनमा व्यानर सहितको सहभागीहरूको सामूहिक तस्बिर, सहभागीहरूको लिङ्ग तथा जातीयता अनुसार वर्गीकृत विवरण, अभिमुखिकरण अघि र पछि गरिएको मूल्याङ्कनका आधारमा प्राप्त मुख्य उपलब्धिहरू तथा भविश्यमा सुधार गर्नुपर्ने विषय सम्बन्धी सुझावहरू अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ। यस कार्यक्रम पश्चात् वन विकास कोष, रेड कार्यान्वयन केन्द्र र स्थलगत खर्च केन्द्रका लेखा शाखावाट समग्र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन कार्यमा उत्साहका साथ सहजीकरण हुने भू-परिधि क्षेत्रमा कार्यक्रम कार्यान्वयनमा समान वुझाई कायम हुनेछ ।

### २.२.२५ *वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई MRV, VVB, NFMS, कार्यक्रम सञ्चालन खर्च*

उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनमा आवश्यक वन सर्भे, उत्सर्जन न्यूनीकरण मापन, प्रमाणीकरण लगायत National Forest Monitoring System व्यवस्थापन गर्ने कार्य वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट हुंदै आएको छ । यस शिर्षक अन्तरगत विनियोजित रकम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अधीनमा रही MRV (Measurement, Reporting and Verification), VVB (Validation and Verification Body), NFMS (National Forest Monitoring System) सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न रेड कार्यान्वयनले उपलव्ध गराउने छ ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले यस कार्यको लागि आवश्यक जनशक्ति सहितको लागत इष्टमेट लगायतका कार्य सहित सम्पूर्ण प्राविधिक सहयोग उपलव्ध गराउनु पर्नेछ । यस शिर्षक अन्तरगतको कार्यक्रम पश्चात तराई भू-परिधि क्षेत्रमा वन सर्भे तथा मापन, कार्वन उत्सर्जन न्यूनीकरण मापन तथा प्रमाणीकरण भई भुक्तानीका लागि आवश्यक सम्पूर्ण अद्यावधिक तथ्याङ्क उपलव्ध भएको हुनेछ ।

माथि जुनसुकै कुरा लेखियको भयतापनि यस शिर्षकमा विनियोजित रकम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले पेश गरेको प्रस्ताव कार्यान्वयन गर्ने गरी सिधै सो केन्द्रलाई उपलव्ध गराउन सकिनेछ ।

### २.२.२६ *वन विकास कोष व्यवस्थापन खर्च (वन तथा भू-संरक्षण विभाग/FDF वाट अनुगमन तथा नीति)*

यस शिर्षक अन्तरगत विनियोजित वजेट वन तथा भू-संरक्षण विभागमा रहेको वन विकास कोषको सचिवालय व्यवस्थापनको लागि खर्च गर्न सकिनेछ । कोषको व्यवस्थापन र दैनिक कार्य सञ्चालन वन विकास कोष सञ्चालन सञ्चालन निर्देशिका, २०८२ र लाभ बाँडफाँट कार्यान्वयन कार्यविधि, २०८३ मा व्यवस्था भए वमोजिम हुनेछ । वन विकास कोष व्यवस्थापन खर्च परिचालनले कार्यक्रम कार्यान्वयनमा वन विकास कोष सचिवालयवाट नीतिगत तथा कार्यान्वयनस्तरमा आवश्यक सहयोग तथा सहजिकरण हुनेछ ।

माथि जुनसुकै कुरा लेखिएको भयतापनि यस शिर्षकमा विनियोजित रकम वन तथा भू संरक्षण विभागले पेश गरेको प्रस्ताव वा कार्यविधि वमोजिम कार्यान्वयन गरिनेछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

*२.२.२७ डायरी, प्रचार प्रसार सामाग्री, वार्षिक प्रतिवेदन समेत*

रेड कार्यान्वयन केन्द्रले लाभग्राही निकाय, सम्बन्धित सरोकारवाला, तहगत सरकारी निकाय तथा विश्व बैंकसंग आवश्यक सञ्चार समन्वय कायम गर्न लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ मा सञ्चार रणनीति र रणनीति कार्यान्वयन योजना उल्लेख छ । यस शिर्षक अन्तरगत विनियोजित रकम उल्लेखित सञ्चार रणनीति तथा रणनीति कार्यान्वयन योजना कार्यान्वयनको लागि खर्च गर्न सकिनेछ ।

*२.२.२८ आयोजना निर्देशक/समन्वय समितिको बैठक सन्चालन*

उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्न र आवश्यक नीतिगत मार्गदर्शन गर्न राष्ट्रिय रेडप्लस रणनीति वमोजिम गठित राष्ट्रिय रेड निर्देशक समिति र राष्ट्रिय रेड समन्वय समितिको महत्वपूर्ण भूमिका रहन्छ । राष्ट्रिय रेड समन्वय समितिले आयोजना निर्देशक/समन्वय समितिको समेत कार्य गर्दछ । यस शिर्षकमा विनियोजित रकम उल्लेखित निर्देशक समिति तथा समन्वय समितिका वैठक सञ्चालन गर्न खर्च गर्न सकिने छ। नियमित समन्वय बैठक सञ्चालन तथा बैठकका निर्णयहरूको प्रभावकारी कार्यान्वयनबाट संघ, प्रदेश र स्थानीय तहका सरकार तथा अन्य सरोकारवालावीच समन्वय र सहकार्य सुदृढ हुनेछ। यसबाट स्वीकृत कार्यक्रम कार्यान्वयन प्रति सम्बन्धित निकायहरूको अपनत्व अभिवृद्धि हुनुका साथै भू-परिधि क्षेत्रमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरुबीच साझा बुझाइ कायम हुनेछ। साथै, कार्यक्रम कार्यान्वयन प्रक्रियामा बहुपक्षीय तथा बहुसरोकारवाला सहभागीता, समन्वय र सहकार्य थप प्रभावकारी तथा संस्थागत हुनेछ ।

खर्च श्रेस्तामा व्यानर सहितको वैठकका सहभागीहरूको सामूहिक तस्बिर, सहभागीहरूको लिङ्ग तथा जातीयता अनुसार वर्गीकृत विवरण सहितको उपस्थिति र वैठकको माइन्युट संलग्न राख्नुपर्ने छ।

*२.२.२९ योजना तर्जुमा/समीक्षा गोष्ठी*

यस शिर्षकवाट कार्यक्रम कार्यान्वयन स्थितिको आवधिक समीक्षा गोष्ठी तथा आगामी आर्थिक वर्षका लागि रेड कार्यान्वयन केन्द्रवाट प्राप्त लाभग्राही निकाय अनुसारको बजेट सिलिंग र अद्यावधिक मार्गदर्शनका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने योजना तर्जुमा गोष्ठी गर्न सकिन्छ । रेड कार्यान्वयन केन्द्र, वन तथा भू-संरक्षण विभाग (वन विकास कोष), सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख तथा योजना शाखा प्रमुखहरू यस कार्यक्रमका सहभागी हुनेछन् । सहभागीलाई कार्यक्रममा सहभागीताका लागि मिति, समय र स्थान स्पष्ट उल्लेख गरी कम्तीमा पाँच दिनअघि इमेल वा पत्रमार्फत सूचना गर्नुपर्दछ ।

यस शिर्षक अन्तरगतका योजना तर्जुमा/समीक्षा गोष्ठी तराई भू-परिधिस्तरमा वा केन्द्रीय स्तरमा आवासीय वा गैर आवासीय, सेवा खरिद मार्फत वा सोझै खर्च केन्दवाट कार्य सञ्चालन गर्न सकिनेछ । गोष्ठी सम्पन्न गरे पश्चात् व्यानर सहितको गोष्ठीका सहभागीहरूको सामूहिक तस्बिर, सहभागीहरूको लिङ्ग तथा जातीयता अनुसार वर्गीकृत विवरण सहितको उपस्थिति, गोष्ठीका निर्णय, माइन्युट लगायतका विषय सहितको प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्दछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

समीक्षा/योजना तर्जुमा गोष्ठीले निकायगत समन्वय गर्न, कार्यक्रममा तहगत सरकार तथा सरोकारवालाहरूको अपनत्व सिर्जना गर्न, कार्यान्वयनमा सुधारका लागि सुझावहरू प्राप्त गर्न, योजना तर्जुमा कार्यमा सरोकारवालाहरूको सहभागीता प्राप्त गर्न प्रत्यक्ष टेवा पुर्याउने छन् ।

*२.२.३० रेड डेस्क तथा रेड सेल व्यवस्थापन कार्यक्रम*

उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ ले रेड सेललाई महत्वपूर्ण भूमिका प्रदान गरेको छ ।यस शीर्षक अन्तर्गत विनियोजित रकम भू-परिधि क्षेत्र अन्तर्गतका डिभिजन वन कार्यालयमा रेड फोकल पर्सनको संयोजनमा गठित रेड सेलका नियमित समन्वय बैठक सञ्चालन तथा सोसँग सम्बन्धित आवश्यक कार्यहरूका लागि खर्च गर्न रेड कार्यान्वयन केन्द्रले सम्बन्धित रेड फोकल पर्सनलाई उपलब्ध गराउनेछ।

रेड सेलले उक्त रकमको खर्च सम्बन्धी बिल, भरपाई तथा अन्य आवश्यक प्रमाण कागजातहरू रेड कार्यान्वयन केन्द्रमा पेश गर्नुपर्नेछ। प्राप्त कागजातहरूको परीक्षण तथा प्रमाणीकरण पश्चात् प्रचलित आर्थिक ऐन, नियम तथा स्वीकृत वित्तीय कार्यविधि बमोजिम रेड कार्यान्वयन केन्द्रले सम्बन्धित खर्चको सोधभर्ना उपलब्ध गराउनेछ।

*२.२.३१ डिभिजन वन कार्यालय (१६) लाई कार्बन उत्सर्जन न्यूनीकरण, रेड प्लस, वातावारण तथा सामाजिक कार्यक्रम कार्यान्वयन अनुगमन र REDD-IC मा प्रतिवेदन*

यस शिर्षक अन्तरगत विनियोजित रकम तराई भू-परिधि क्षेत्रका रौतहट, वारा, पर्सा, चितवन, नवलपरासी (व.सु.पु), नवपरासी (व.सु.प), रूपन्देही, कपिलवस्तु, दाङ, बांके, वर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका १६ डिभिजन वन कार्यालयहरूलाई वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी रेड कार्यान्वयन केन्द्रमा प्रतिवेदन पेश गर्न खर्च गर्न सकिनेछ । डिभिजन वन कार्यालयले यस अन्तरगत आफ्नो कार्यक्षेत्र अन्तरगतका प्रत्येक योजनाको लक्ष्य, हासिल परिमाणात्मक प्रगति, कार्यान्वयन प्रकृया र वातावरणीय तथा सामाजिक सुरक्षा स्थितिको नियमित अनुगमन गरी रेड कार्यान्वयन केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ र माथि शिर्षक २.२.११ मा उल्लेख भए बमोजिम हुनेछ ।

डिभिजन वन कार्यालयबाट हुने अनुगमन तथा प्रतिवेदन कार्यबाट लगानी योजना कार्यान्वयनको लागि प्राप्त स्रोत साधन तथा जनशक्ति योजना गरिए अनुसार उपयोग गर्न सहयोग पुग्ने, अनुगमन बाट प्राप्त सिकाईहरू बाँकी अवधिको लागि उपलब्धीमुलक हुने, आवश्यक आवधिक आर्थिक तथा प्राविधिक प्रतिवेदनहरू समयमै प्रस्तुत भएको हुनेछ ।

*२.२.३२ आयोजनाका लागि परामर्श विज्ञ कर्मचारीको व्यवस्था (वित्तीय तथा वातावरणीय तथा सामाजिक सुरक्षा विज्ञ)*

उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यक्षेत्र, कार्यक्रम क्षेत्रफल, कार्यक्रम अन्तरगत सम्पादन गरिने कार्यहरू, परामर्श सेवाको उद्देश्य, वातावरणीय र सामाजिक सुरक्षा विज्ञले गर्नुपर्ने कार्यहरू र कार्यदायरा (Scope), परामर्शदाताले पालना



उप-सचिव

गर्नुपर्ने खास विधि (Methodology), कार्यस्थल र कार्यव्यवस्था, आवश्यक न्यूनतम योग्यता तथा कार्यअनुभव, कार्य सम्पादनका क्रममा परामर्शदाताले अध्ययन तथा प्रयोग गर्नुपर्ने कागजातहरूको सूची सहितको कार्यसूची (Terms of Reference) तयार गरी केन्द्र प्रमुखबाट स्वीकृत गराई रेड कार्यान्वयन केन्द्रमा सूचीकृत विज्ञहरू मध्येबाट शैक्षिक योग्यता र कार्य अनुभवका आधारमा वित्तीय व्यवस्थापन विज्ञ, अनुगमन तथा मूल्याङ्कन विज्ञ र वातावरणीय तथा सामाजिक सुरक्षा विज्ञ नियुक्त गरिनेछ ।

विज्ञहरु नियुक्त गर्दा देहायका सूचकका आधारमा योग्यतम उम्मेदवार छनौट गर्नुपर्नेछः

- वित्तीय व्यवस्थापन विज्ञको हकमा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी न्यूनतम १० वर्षको कार्यअनुभव भएको तथा अनुगमन तथा मूल्याङ्कन विज्ञ, वातावरणीय विज्ञ र सामाजिक सुरक्षा विज्ञको हकमा सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी न्यूनतम ५ वर्षको कार्य अनुभव भएको हुनुपर्ने ।
- अनुगमन तथा मूल्याङ्कन विज्ञ, वातावरणीय विज्ञ र सामाजिक सुरक्षा विज्ञको हकमा दिगो वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनमा अनुभवी ।
- अनुगमन तथा मूल्याङ्कन विज्ञ, वातावरणीय विज्ञ र सामाजिक सुरक्षा विज्ञको हकमा विश्व बैंकको Environmental and Social Framework (ESF) र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनमा वातावरणीय तथा सामाजिक सुरक्षा (Safeguards) सम्बन्धी कार्य अनुभव,
- विश्व बैंकद्वारा सहयोग प्राप्त आयोजनामा कार्य अनुभवी, र
- Microsoft Word, Excel र PowerPoint प्रयोग गरी नेपाली तथा अङ्ग्रेजी भाषामा उत्कृष्ट सञ्चार क्षमता भएको ।

### *२.२.३३ परियोजनाको लेखा व्यवस्थापन सम्बन्धी पुनर्ताजकी अभिमुखिकरण कार्यक्रम*

कार्यक्रम सञ्चालन पूर्व लक्ष्य, उद्देश्य, कार्यक्रमको अवधि, लक्षित सहभागी तथा संख्या, स्रोत व्यक्ति र सेशन प्लान सहितको अवधारणा पत्र, लागत अनुमान तयारी र स्वीकृती प्राप्त गर्नुपर्दछ । रेड कार्यान्वयन केन्द्र, वन तथा भू-संरक्षण विभाग (वन विकास कोष), सम्वन्धित प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज कार्यालयका लेखा अधिकृत यस कार्यक्रममा सहभागी हुनेछन् । सहभागीलाई कार्यक्रममा सहभागीताका लागि मिति, समय र स्थान स्पष्ट उल्लेख गरी कम्तीमा पाँच दिनअघि इमेल वा पत्रमार्फत सूचना गरी आवासीय वा गैर आवासीय पुनरताजकी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ । आवश्यकता र औचित्यका आधारमा सेवा खरिद वा सोझै केन्द्रबाट सञ्चालन गर्न सकिनेछ ।

सम्पन्न प्रतिवेदनमा ब्यानर सहितको सहभागीहरूको सामूहिक तस्विर, सहभागीहरूको लिङ्ग तथा जातीयता अनुसार वर्गीकृत विवरण सहितको उपस्थिति, अभिमुखिकरण अघि र पछि गरिएको मूल्याङ्कनका आधारमा प्राप्त मुख्य उपलब्धिहरू तथा भविष्यमा सुधार गर्नुपर्ने विषय सम्बन्धी सुझावहरू अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ। यस कार्यक्रम पश्चात् वन विकास कोष, रेड कार्यान्वयन केन्द्र र स्थलगत खर्च केन्द्रका लेखा शाखाबाट समग्र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन कार्यमा उत्साहका साथ सहजीकरण हुने भू-परिधि क्षेत्रमा कार्यक्रम कार्यान्वयनमा समान बुझाई कायम हुनेछ ।



उप-सचिव (प्रा.)

केन्द्र प्रमुख
सचिव (प्रा.)

२.२.३४ सशर्त अनुदान २६३३२ मा वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम) अन्तर्गत प्रदेश सरकारका तराई भू परिधिका १३ जिल्लाका १६ डिभिजन वन कार्यालयले कार्यान्वयन गर्ने कार्यक्रमहरु को कार्यसञ्चालन कार्यविधि ।

डिभिजन वन अधिकृतबाट दिगो वन व्यवस्थापनका लागि वन संरक्षण तथा जैविक विविधता संरक्षण कार्यक्रम र वन पुनरस्थापना र कार्बन संचिति कार्यक्रम र दिगो वन व्यवस्थापन तथा समुदायको क्षमता अभिबृद्धि र जिविकोपार्जन सुधार कार्यक्रम सम्पादन गर्ने कार्यका लागि तराईका १६ डिभिजन वन कार्यालयले देहायका विषय समावेश गरी रेड कार्यान्वयन केन्द्रमा लगानी योजना पेश गर्नुपर्नेछ ।

(क) दिगो वन व्यवस्थापन कार्यक्रम (सरकारद्वारा व्यवस्थित वनमा प्रयोग गर्ने भएमा) विनियोजित रकमको ६० प्रतिशत

(१) वृक्षारोपण, चक्ला वन व्यवस्थापन केन्द्रित रहने ।

(२) वन डढेलो नियन्त्रण तथा दस्ता परिचालन गर्ने।

(३) Hot spot treatment, Natural Forest Restoration का कार्यक्रम

(४) आदिबासी जनजाति समुदायका संस्कृति पहिचान भएका वनस्पति तथा वन्यजन्तु संरक्षण कार्यक्रम

(५) ५.वनभित्र संरक्षण पोखरी (सिमेन्ट प्रयोग नगर्ने) ।

(६) दिगो वन व्यवस्थापन, कार्बन संचिती, वन संरक्षण तथा जैविक विविधता संरक्षणको लगानी योजनामा समावेश गरेका अन्य कार्यक्रम

(ख) समुदायमा सञ्चालन गर्ने दिगो वन व्यवस्थापनका कार्यक्रम कार्यन्वयन गर्ने (विनियोजित रकमको ४० प्रतिशत)

(१) यदि कबुलियती वन (गरिबमुखी) मा कार्यक्रम कार्यान्वयन गर्ने भए घाँस विकास, आयमूलक गैरकाष्ठ वन पैदावार/फलफुल बिरुवा खरिद/वितरण/रोपण, बाख्रा पालन लगायतका अन्य आयमूलक कार्यक्रमहरु ।

(२) गरिबमुखी कबुलियती वनमा ८०% ER बाट प्राप्त रकम २०% समुदायको नगदै Contribution मानी Cost-estimate गरेर फलफूल बिरुवा खरिद वितरण, बाख्रा पालन तरकारी बिउ बिजन वा अन्य आयमूलक खर्च गर्न सकिने ।

(३) समुदायद्धारा व्यवस्थित वनको कार्ययोजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन (संरक्षण पोखरी निर्माण- नेपाल सरकारको चुरे संरक्षण कार्यक्रमको अवधारणा अनुसार निर्माण गर्नुपर्ने तथा सिमेन्ट कंक्रीट प्रयोग नगर्ने शर्तमा), दिगो वन व्यवस्थापनका कार्यक्रम कार्यान्वयन, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम, गरिब विपन्न समुदायको आयमूलक कार्यक्रम । उल्लेखित कार्यक्रममा समुदायको लागत सहभागीता कम्तिमा ५० प्रतिशत सुनिश्चित हुनपर्नेछ तर माथि उल्लेखित संरक्षण पोखरी निर्माण कार्यक्रममा समुदायको लागत सहभागीता कम्तिमा २० प्रतिशत सुनिश्चित हुनपर्नेछ

(४) बृक्षरोपण कार्यक्रम (वृक्षरोपणमा उपभोक्ताको लागत सहभागीता शुन्य प्रतिसत वा सत प्रतिशत अनुदान कार्यक्रमबाट उपलब्ध गराउन सकिने र संरक्षणमा उपभोक्ताको योगदान हुनुपर्ने)।



उप-सचिव (प्रा.)

सचिव (प्रा.)

## अनुसूची-१

### वन प्राविधिक नियुक्तिका लागि मुल्यांकनको आधारहरु

| क.सं. | मुल्यंकनका आधारहरु | पूर्णांक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | वन विज्ञान विषयमा प्रमाणपत्र वा सो सरह अध्ययन गरी ५ वर्षको अनुभव भएको वा वन विज्ञान विषयमा स्नातक उतिर्ण गरी २ वर्षको अनुभव भएको CV सहित प्रमाण पेश भएको<br>I.Sc. Forestry 5 yrs or B.sc forestry + 2 yrs — ४० अङ्क<br>I.Sc. Forestry + 2yrs or B.sc forestry + 1 yrs — २० अङ्क<br>I.Sc. Forestry 1yrs or B.sc forestry - — १० अङ्क | ४० | | CV सहित प्रमाण पेश भएको हुनु पर्ने । |
| २. | समृद्दिका लागि वन कार्यक्रम वा यस्तै जलवायु परिवर्तनसँग सम्बन्धित परियोजनामा नीजि बन, सार्वजनिक बन वा बन क्षेत्रमा आफ्नै अगुवाईमा वृक्षरोपण, वन विकासको कार्य गरी कम्तीमा १० हे. वृक्षारोपण गरेको<br>१० हेक्टर भन्दा बढि वृक्षारोपण गरेको — ४० अङ्क<br>५-१० हेक्टर सम्म वृक्षारोपण गरेको — २० अङ्क<br>५ हेक्टर भन्दा कम वृक्षारोपण गरेको — १० अङ्क | ४० | | CV सहित प्रमाण पेश भएको हुनु पर्ने । |
| ३. | सम्बन्धित प्रदेशको बासिन्दा<br>सम्बधित प्रवेशको बासिन्दा — ५ अङ्क<br>प्रदेश भन्दा बाहिरको बासिन्दा — २ अङ्क | ५ | | नागरिकतामा स्थायी भएको खुलेको |
| ४. | नेपाल सरकारको प्रचलित कानुन बमोजिम युवाको परिभाषामा परेको<br>१८ देखि ४० वर्षको — ५ अङ्क<br>४० देखि ५८ वर्ष — २ अङ्क | ५ | | नागरिकतामा उल्लेखित जन्ममिति |
| ५. | आदिवासी जनजाति, दलित, मधेशी, महिला, अल्पसंख्यक समुदाय | ५ | | |
| ६. | कार्य अनुभव (REDD+ का बारेमा जानकार), लागत अनुमान तयार गर्न सक्ने, कम्प्युटरमा सिप (GIS, ETRS, आदि Application चलाउन जान्ने)।<br>CV मा जानेको छु भनी उल्लेख गरेको — ५ अङ्क<br>CV मा जानेको छु भनी उल्लेख नगरेको — २ अङ्क | ५ | | CV र अनुभवको प्रमाण पत्र संलग्न |
| | जम्मा | १०० | | |



उप-सचिव (प्रा.)

प्रमुख सचिव (प्रा.)